**आकष्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०७४**

कपुरकोट गाउँपालिकाको आकष्मिक कोष सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि

**प्रस्तावनाः** नेपाल प्रकोपका दृष्टिले बहु जोखिमयुक्त क्षेत्र हो । मुख्यतया नेपालमा बाढी, पहिरो, डुबान, भुकम्प , चट्याङ, आगलागी, शीतलहर, हिमताल विष्फोट , हिमपहिरो, महामारी आदि प्रकोप बाट बर्षेनी ठुलो जनधनको क्षती हुने गरेको छ । त्यस्तै केही कडा रोग लागि परिवारको आर्थिक अबस्था कमजोर भई पिडामा पर्ने गरेका छन् । जनमुखि तथा जनउत्तरखायी स्थानीय सरकारको भूमिकामा स्थानीय साधन स्रोतको व्यवस्थित, न्यायोचित तथा मितव्ययी ढंगबाट खर्च गरी वास्तविक पिडामा परेका जनतालाई राहतको अनुभूति दिलाई आर्थिक सामाजिक पूँजी क्षमतामा बृद्धि गराउने हेतुले,
प्राकृतिक तथा गैर प्राकृतिक आकष्मिकताबाट कपुरकोट गाउँपालिकाभित्र हुन सक्ने समग्र आर्थिक सामाजिक, मानविय तथा भौतिक संरचनाहरुको क्षतिलाई न्युनिकरण गर्न तथा नागरीकहरुमा विपद सम्बन्धि सचेतना जगाउने उद्देश्यले नेपालको संविधानको अनुसूची ८ मा दिएको एकल अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा (२) न. को (६) बमोजिम कपुरकोट गाउँ कार्यपालिकाले आकष्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ तयार गरि लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम( **आकष्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४** ) रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले  आकष्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख) कोष भन्नाले आकष्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग) व्यवस्थापन समिति भन्नाले आकष्मिक कोष संचालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

घ) कार्यपालिका भन्नाले कपुरकोट गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

ङ) विपद भन्नाले प्रकृतिक तथा मानवीय विपदलाइ बुझ्नुपर्छ ।

### ३. कोष स्थापना

३.१ आकष्मिक कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

### ४. कोषको कार्यालय

४.१ कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद २
## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

### ५. कोषको अवधारणा

कपुरकोट गाउँपालिका भित्र हुने सबै प्रकारका प्रकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति परिवार संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपद

